सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

आदेश

०७५-WO-०५७६

विषयः उत्प्रेषण।

नुवाकोट जिल्ला साविक जिलिङ्ग गा.वि.स. वडा नं.३ हाल बेलकोटगढी नगरपालिका वडा नं. ८ बस्ने राजेन्द्र चित्रकार-----------------------------१ निवेदक

विरुद्ध

मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, प्रदेश नं.३ हेटौंडा, मकवानपुर---------------------------------------------------------१

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, प्रदेश नं. ३ हेटौंडा ,मकवानपुर---------------------------------------------------------१ प्रत्यर्थी

वन तथा वातावण मन्त्रालय सिंहदरबार, काठमाडौं---------------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तथ्य खण्ड

१) म निवेदक र उल्लेखित विपक्षीहरु समेत भएको यसै सम्मानित सर्वोच्च अदालतमा ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७४।०१।२५ गते अन्तरिम आदेश जारी भई रिट निवेदन विचाराधीन रहेकै बखत विपक्षीले २०७५ असोजमा कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई उल्लेख गरी सो कानूनको क्षेत्रभित्र नपर्ने "नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५" तर्जुमा गरिएको रहेछ । सो कार्यविधिको दफा १८(५) मा

"मापदण्ड पूरा नगरी स्थापना भई सञ्चालन भएका नदीजन्य पदार्थ प्रशोधन उद्योगले ३ महिनाभित्र यो मापदण्ड बमोजिम स्थानान्तरण हुनु पर्ने छ । दर्ता नभई सञ्चालनमा रहेका र उक्त अवधि भित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ, तर काबु बाहिरको परिस्थिति श्रृजना भई स्थानान्तरण हुन नसकेमा प्रदेश सरकारको निर्णय अनुसार हुनेछ" भन्ने व्यवस्था गरी अनुसूची ३ मा दुरी सम्बन्धी मापदण्ड तयार गरी सम्मानित अदालतबाट भएको आदेश र मन्त्रिपरिषद्को मिति २०७०।३।२७ र २०७०।५।१७ को निर्णयमा उल्लेखित मापदण्डविपरित कार्य गरी संविधानको धारा १६, १७, १८, २५, ३०, ३५, ४३ समेतका मौलिक हकहरु हनन भएको र प्रस्तुत विषय वातावरणीय हकको कार्यान्वयनको साथै गम्भीर सार्वजनिक हक र सरोकारको विषय भएकोले सो कार्यविधि उत्प्रेषणको आदेशद्वारा बदर गरी परमादेशको आदेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउन संविधानको धारा ४६ र १३३ (२) र (३) वमोजिम प्रस्तुत निवेदनसाथ उपस्थित भएको छु ।

२) विपक्षीले जारी गरेको उल्लेखित कार्यविधि कानूनी श्रोतको अभावमा स्वतः प्रभावहीन र निष्क्रिय छ । उल्लेखित विषय प्रदेश र संघको साझा अधिकार क्षेत्रभित्र पर्ने भएको भएकोले सो सम्बन्धी संघीय कानून तर्जुमा नभएसम्म विपक्षीले कुनै कानून आदेश गर्न सक्ने होइनन् ।

३) सम्मानित अदालतबाट भएको आदेश र मन्त्रिपरिषद्को मिति २०७०।०३।२७ र २०७०।५।१७ को निर्णयमा उल्लेखित मापदण्डविपरित नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि तयार गरी दर्ता नै नभएका, प्रचलित कानूनबमोजिम IEE र EIA स्वीकृत नै नगराएका र मापदण्ड नपुगी लामो समयदेखि नविकरण नै नभएका गैरकानूनी उद्योगहरुलाई सञ्चालन गर्ने गराउने, मापदण्ड विपरित र कम मापदण्ड बनाई सञ्चालन हुने क्रसर उद्योगबाट पर्यावरणमा खलल पुग्ने र गैरकानूनी रुपमा क्रसर उद्योग, बालुवा प्रशोधन उद्योग बालुवा खानी आदि सञ्चालन गर्न अनुमति दिने गरी कुनै निर्णय भएको भए सो निर्णय र विपक्षी नं. १ ले तयार गरेको उक्त अन्तरिम कार्यविधि लगायत सोसँग सम्बन्धित सम्पूर्ण निर्णय, काम कारबाही, पत्रहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी सम्मानित अदालतबाट भएका आदेश र मन्त्रिपरिषद्को मिति २०७०।०३।२७ र

२०७०।०५।१७ को निर्णयमा उल्लेखित मापदण्डविपरित उक्त कार्यविधि लागू र कार्य नगर्नु उक्त कार्यविधि बमोजिम कुनै पनि उद्योगलाई दर्ता, नविकरण, इजाजत नदिनु, इजाजत दिएको भए खारेज गर्नु, त्रिशुली, तादी, आदि नदीमा चरम दोहन, नदीको स्वरुप विकृत, प्रदुषित भएकोले सार्वजनिक सम्पत्ति संरक्षण गर्नु भन्ने समेतेको परमादेशयुक्त प्रतिषेध लगायत अन्य जो चाहिने उपयुक्त आदेश नेपालको संविधानको धारा ४६ र १३३(२) र(३) विपक्षीहरुका नाउँमा जारी गरी पाउँ।

४) प्रस्तुत मुद्दा विचाराधीन रहेकै अवस्थामा उक्त "नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५" लागू भई कार्यान्वयन भएमा मन्त्रिपरिषद्को मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णय बमोजिम मापदण्ड र विपक्षी नं. १ ले तयार पारेको मापदण्ड बाझिने, विपक्षी नं. १ ले क्षेत्राधिकार नै नभएको विषयमा तयार पारेको कार्यविधि लागू भएमा गैरकानूनी क्रसर उद्योगहरु सञ्चालनमा आई पर्यावरणीय क्षति पुग्ने, वातावरण प्रदुषण हुने, वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० विपरित हुने भएकोले विपक्षी नं. १ ले तयार पारेको कार्यविधि, निर्णय, पत्राचारहरु प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु, सो कार्यविधि मापदण्ड लागू नगरी वातारण संरक्षण गर्नु, गैरकानूनी उद्योगहरुलाई दर्ता, अनुमति, नविकरण नगराउनु भन्ने समेतको अन्तरिम आदेश सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने बेहोराको राजेन्द्र चित्रकारको यस अदालतमा पर्न आएको निवेदन।

५) यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश माग भए सम्वन्धमा विचार गर्दा, दुवै पक्ष राखी छलफल गर्नु उपयुक्त हुने देखिएकाले अन्तरिम आदेशका सम्बन्धमा छलफलका

लागि मिति २०७५।९।२३ को पेशी तोकी सो को सूचना विपक्षीहरुलाई दिनू भन्ने यस अदालतको मिति २०७५।९।१२ को आदेश।

६) विपक्षी रिट निवेदकले सम्मानित सर्वोच्च अदालतको ०७५-WO- ०५७६ को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा मिति २०७५/०९/१२ मा आदेश जारी भएको देखिन्छ । प्रस्तुत विषयमा निवेदकले प्रकरण १ मा उल्लेख गरे बमोजिमको अन्तरिम आदेश बमोजिम जारी भएको कुनै पनि सूचना यस कार्यालयमा प्राप्त नभएको र विपक्षीले आरोप लगाए बमोजिम सम्मानीत अदालतबाट प्रदेश सभा तथा प्रदेश सरकारले यस विषयमा "कानून नबनाउनु" भनेर कानून बनाउन रोक लगाउने गरी कुनै आदेश जारी गरेको अवस्था भने छैन । नेपालको संविधानको धारा ५६ बमोजिम मुलुक संघीय संरचनामा गएको प्रदेश सभा र प्रदेश सरकार गठन भई स्वतन्त्र रुपमा आवश्यक कानून बनाउँदै गरेको अवस्था छ । संविधानको धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकारका सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने कानून बनाई रहेको अवस्था छ । सोही बमोजिम प्रदेश सभाले "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" प्रदेश सरकार (मन्त्रिपरिषद्ले) स्वीकृत गरेको हो ।

७) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग मेल खाने गरी (नबाझिने गरी) प्रदेश सरकारले संविधान र प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" स्वीकृत गरेको हो । विपक्षीले उठाउनु भएको क्रसर उद्योगको नविकरण गर्ने सम्बन्धी व्यवस्था सारभूत विषय भएकोले कार्यविधि कानूनले क्रसर उद्योगको दर्ता तथा नविकरण गर्ने विषयलाई सम्बोधन गर्न नसक्ने हुँदा यस बिषयलाई सम्बोधन गर्नुपर्ने होइन ।

८) नेपालको संविधानले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी प्रदेश सभाले कानून बनाउन सक्ने व्यवस्था भएबमोजिम ऐन बनेको र सोही ऐनले प्रत्यायोजन गरेको अधिकार बमोजिम कानून सम्मत रुपमा संविधान तथा प्रचलित संघिय कानूनसँग नबाझिने गरी यस प्रदेश सरकारबाट कानूनले दिएको अधिकार क्षेत्रभित्र रहेर नै

कानून सम्मत रुपमा कार्यविधी तयार गरिएको हुँदा विधिको शासनलाई उच्च सम्मान गर्दै सम्मानित सर्वोच्च अदालत प्रति विपक्षीले उल्लेख गरे बमोजिम "न्यायलय प्रतिको आस्थामा प्रतिकुल असर पार्ने गरी" कुनै कानूनविपरीतको कार्य गरेको छैन । संवैधानिक मूल्य मान्यता र विधिको शासनमा रहेर नै कार्य गरेको हुँदा अदालतको आदेशको सदैब उच्च सम्मान गर्ने गरेको र अबज्ञा गर्ने मनसाय नभएको व्यहोरा उल्लेख गर्दै उक्त रिट निवेदन खारेज गरी पाऊँ भन्ने बेहोराको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, प्रदेश नम्बर तीनको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

९) नेपालको संविधानको धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकारका सूचीका विषयमा संविधान र संघिय कानूनसँग नबाझिने कानून बनाई रहेको अवस्था छ । सोही बमोजिम प्रदेश सभाले बनाएको "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" प्रदेश सरकार (मन्त्रिपरिषद्ले) मिति २०७५।०७।३० मा स्वीकृत गरी लागू गरेको हो तसर्थ विपक्षी रिट निवेदनको प्रकरण (५) मा दावी गरिएको यस कार्यविधिको कानूनी स्रोतको अभाव भएको भन्नु निर्थक र कपोकल्पित छ । साथै विपक्षीले भने जस्तो प्रदेश र संघको साझा अधिकार भित्र पर्ने विषयमा प्रदेशले कानून बनाउन नसक्ने होइन बरु नबाझिने गरी बनाउनु संविधानको मर्म हो । सोहि अनुरुप कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" ले दिएको अधिकार र प्रदेश सरकार(कार्य विभाजन) नियमावली,२०७४ बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी अन्तरगत रही प्रस्तुत कार्यविधिको विषय पर्ने भएकोले यस मन्त्रालयले तर्जुमा गरी मन्त्रिपरिषद्बाट स्वीकृत गरेको हो ।

१०) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७ र २०७०/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग नबाझिने गरी प्रदेश सरकारले संविधान र प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" स्वीकृत गरेको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१) को खण्ड (च) बमोजिम समेत यस विषयको प्रकृया

प्रदेशले तोक्ने कुरा उल्लेख गरिएबाट रिट निवेदनको प्रकरण (६) मा उठान गरेको क्षेत्राधिकारको विषय निर्थक र आधारहिन छ । विपक्षीले उठाउनु भएको क्रसर उद्योगको दर्ता नविकरण गर्ने सम्बन्धी व्यवस्था सारभूत विषय भएकोले कार्यविधि कानूनले क्रसर उद्योगको दर्ता, नविकरण गर्ने, ईजाजत दिने विषयलाई सम्बोधन गर्न नसक्ने हुँदा यस बिषयलाई सम्बोधन गर्नु वा दावी लिनु पर्ने पर्ने होइन ।

११) नेपालको संविधानल प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी प्रदेश सभाले कानून बनाउन सक्ने व्यवस्था भए बमोजिम ऐन बनेको र सोही ऐनले प्रत्यायोजन गरेको अधिकार बमोजिम कानून बमोजिम संविधान तथा प्रचलित संघीय कानूनसँग नबाझिने गरी तर्जुमा भइ प्रदेश सरकारबाट स्वीकृत गरेको हुँदा कानूनले दिएको अधिकार क्षेत्रभित्र रहेर नै कानून सम्मत रुपमा कार्यविधी तयार गरिएको हुँदा विधिको शासनलाई उच्च सम्मान गर्दै सम्मानित सर्वोच्च अदालत प्रति विपक्षीले उल्लेख गरे जस्तो "न्यायालय प्रतिको आस्थामा प्रतिकूल असर पार्ने गरी" कुनै कानून विपरीतको कार्य गरेको छैन ।

१२) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयबमोजिमको मापदण्डको मूल मर्म वातावरण संरक्षण भएको हुँदा प्रदेश सरकारले समेत सो निर्णयको मूल मर्म र भावनाविपरित तथा संविधानले सुनिश्चित गरेको वातावरणसम्बन्धी मौलिक हकको कुनै उल्लघंन नगरेको, यस सम्बन्धमा प्रदेश सरकार सदैव चिन्तित र सजग नै भएकोले निवेदकले भने जस्तो संविधानको धारा १६,१७,१८,२५,३०,३५ जस्ता मौलिक हकको उल्लघंन गरेको जिकिर कपोकल्पित छ । तसर्थ प्रदेश सरकारले संविधान र अदालतको आदेशको सदैब उच्च सम्मान गर्ने गरेको र अवज्ञा गर्ने मनसाय कुनै कार्य नगरेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं.३ को तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१३) रिट निवेदकले यस मन्त्रालयलाई समेत विपक्षी बनाई रिट निवेदन दिएको भए पनि यस मन्त्रालयको के कुन काम कारवाही वा निर्णयबाट निवेदक उल्लेखित मौलिक हक हनन भएको हो खुलाउन सकेको नदेखिंदा विना तथ्य, आधार यस मन्त्रालयलाई विपक्षी बनाउनुको कुनै अर्थ नरहने भएकोले यस मन्त्रालयलाई विपक्षी बनाएको हदसम्म रिट निवेदन बदरभागी छ।

१४) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७०।०३।२७ र २०७०।०५।१७ मा क्रसर उद्योगको लागि निर्धारण गरेको मापदण्डबमोजिम नै सम्मानित सर्वोच्च अदालतको आदेशबाट गठीत वन तथा वातावरण मन्त्रालयमा रहेको प्राविधिक समितिबाट क्रसर उद्योग स्थापनाको लागि उद्योग विभाग मार्फत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनसहित प्राप्त भएका फाइल उपर वातावरणीय पक्ष र उल्लेखित मितिको निर्णयबाट तय भएको मापदण्डबमोजिम भए नभएको अध्ययन गरी उद्योग दर्ताको लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने कार्य भइरहेको र प्रदेश नं.३ बाट क्रसर उद्योग दर्ता सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनसहितको फाइल अध्ययनको लागि मिति २०७५।०९।१८ मा पनि यस मन्त्रालयको प्राविधिक समितिमा प्राप्त भएको अवस्था रहेकोले निवेदकले उल्लेख गरेको "नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५" प्रदेश नं ३ बाट तर्जुमा भई लागू भएको भन्ने बारेमा यस मन्त्रालय अनभिज्ञ रहेको हुँदा यस मन्त्रालयलाई समेत विपक्षी बनाइ दिएको रिट निवेदन यस मन्त्रालयको हदसम्म बदरभागी हुँदा खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल सरकार, बन तथा वातावरण मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१५) यसमा प्रस्तुत मुद्दाहरुमा मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, प्रदेश नं. ३ हेटौंडा, मकवानपुरसमेत विपक्षी भएकोमा उक्त मुद्दाहरुमा प्रतिरक्षार्थ मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं.३ हेटौंडा, मकवानपुरलाई पेशीको सूचना दिएको नदेखिएको हुनाले उक्त मुद्दाहरुको हकमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई समेत पेशीको सूचना दिई प्रस्तुत मुद्दाहरुको साथैमा लगाउ रहेका मुद्दाहरु ०७४-WO-०७०४, ०७४-WO-०९२३, ०७४-WO-०९२४ र ०७७-WO-०२०५ मा समेत मिति २०७७।११।२६ गतेको पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७७।११।११ गते भएको आदेश।

ठहर खण्ड

१६) नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी निवेदक राजेन्द्र चित्रकारको तर्फबाट

विद्वान अधिवक्ता द्वय श्री ज्योती वानिया र श्री हरिचन्द्र तिमल्सेनाले उल्लेखित विपक्षीहरु समेतसँग ०७४-WO-०७०४ को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा मिति २०७५।०१।२५ गते अन्तरिम आदेश जारी भई मुद्दा विचाराधीन रहेकै बखत विपक्षीले २०७५ असोजमा कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ लाई उल्लेख गरी सो कानूनको क्षेत्रभित्र नपर्ने नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ तर्जुमा गरिएको रहेछ । उल्लेखित विषय प्रदेश र संघको साझा अधिकार क्षेत्रभित्र पर्ने भएकोले सो सम्बन्धी संघीय कानून तर्जुमा नभएसम्म विपक्षीले कुनै कानून आदेश गर्न सक्ने होइन । प्रस्तुत मुद्दा विचाराधीन रहेकै अवस्थामा उक्त "नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५" लागू भई कार्यान्वयन भएमा मन्त्रिपरिषद्को मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णय बमोजिम मापदण्ड र वागमती प्रदेश सरकारले तयार पारेको मापदण्ड बाझिने, क्षेत्राधिकार नै नभएको विषयमा तयार पारेको कार्यविधि लागू भएमा गैरकानूनी क्रसर उद्योगहरु सञ्चालनमा आई पर्यावरणीय क्षति पुग्ने, वातावरण प्रदुषण हुने, वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० विपरित हुने भएकोले गैरकानूनी रुपमा क्रसर उद्योग, बालुवा प्रशोधन उद्योग बालुवा खानी आदि सञ्चालन गर्न अनुमति दिने गरी कुनै निर्णय भएको भए सो निर्णय र वागमती प्रदेश सरकारले तयार गरेको उक्त अन्तरिम कार्यविधि लगायत सोसँग सम्बन्धित सम्पूर्ण निर्णय, काम कारबाही, पत्रहरु उत्प्रेषणको आदेशले बदर गरी जो चाहिन उपयुक्त आदेश जारी गरी पाउँ भनी बहस गर्नु भयो। विपक्षी नेपाल सरकार, बन तथा वातावरण मन्त्रालयसमेतका तर्फबाट सह न्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले निवेदकले यस मन्त्रालयलाई समेत विपक्षी बनाई रिट निवेदन दिएको भए पनि यस मन्त्रालयको के कुन काम कारवाही वा निर्णयबाट निवेदक उल्लेखित मौलिक हक हनन भएको हो खुलाउन सकेको नदेखिँदा निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो। विपक्षीहरु वागमती प्रदेश र प्रदेश सरकारी कार्यालयको तर्फबाट मुख्य न्यायाधिवक्ता श्री ओम प्रसाद थपलियाले यस अदालतबाट मिति २०७५/०१/२५ मा जारी भएको अन्तरिम आदेशमा "क्रसर उद्योग सञ्चालन गर्न नदिनु" भन्ने उल्लेख भएको देखिन्छ । तर

प्रदेश सभा तथा प्रदेश सरकारले यस विषयमा कानून नबनाउनु भन्ने उल्लेख भएको भने छैन । नेपालको संविधानले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी प्रदेश सभाले कानून बनाउन सक्ने व्यवस्था भएबमोजिम ऐन बनेको र सोही ऐनले प्रत्यायोजन गरेको अधिकार बमोजिम कानून सम्मत रुपमा संविधान तथा प्रचलित संघिय कानूनसँग नबाझिने गरी यस प्रदेश सरकारबाट कानूनले दिएको अधिकार क्षेत्रभित्र रही प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको हो । उल्लिखित कार्यविधी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग मेल खाने गरी (नबाझिने गरी) प्रदेश सरकारले संविधान र प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ स्वीकृत गरेकोले वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० विपरित हुने कुनै कार्य नगरेकोले निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

१७) उपरोक्तअनुसारको तथ्यगत बिषय र दुवै पक्षका कानुन व्यवसायीहरुको बहस जिकिरसमेत सुनी प्रस्तुत निवेदनको मिसिल संलग्न प्रमाण कागज अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

१८) रिट निवेदकले आफ्नो रिट निवेदनमा यसै अदालतमा निवेदकले नै दिएको ०७४-WO-०७०४ को रिट निवेदनमा मिति २०७५।०१।२५ गते अन्तरिम आदेश जारी भई रिट निवेदन विचाराधीन रहेको वखतमा नै विपक्षी मध्ये प्रदेश सरकार प्रदेश नं. ३ हेटौंडा, मकवानपुरले कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ लाई उल्लेख गरी तर्जुमा गरेको सो कानूनको क्षेत्राभित्र नपर्ने "नदी जन्य पदार्थ (संकलन र उपभोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५" ले मापदण्ड पुरा नगरी स्थापना भएका नदीजन्य पदार्थ प्रशोधन उद्योगको

स्थानान्तरणको विषयमा उल्लेख गरेको छ। उक्त ऐनको अनुसूची ३ मा उल्लेखित दुरी सम्बन्धी मापदण्ड यस सम्मानीत अदालतबाट भएको आदेश र मन्त्रि परिषद्को मिति २०७०।३।२७ र २०७०।५।१७ को निर्णयमा उल्लेखित मापदण्ड विपरीत कार्य हुन गएको छ। कार्यविधिले दर्ता नै नभएका, IEA र EIA स्वीकृती नै नगराएका मापदण्ड नपुगी लामो समय देखि नविकरण नभएका गैर कानूनी उद्योगहरुलाई सञ्चालन गर्न गराउने, पर्यावरणमा असर पार्ने समेत कार्य गरेको हुँदा, यो कार्यविधिको आधारमा वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० विपरीत हुने गरी गैर कानूनी रुपमा क्रशर उद्योग, बालुवा प्रशोधन उद्योग र बालुवा खानी आदि संचालित गर्न अनुमति दिने गरी कुनै निर्णय भएको भए सो निर्णय र प्रदेश सरकार प्रदेश नं. ३ ले तयार गरेको उक्त अन्तरिम कार्यविधि लगायत सो सँग सम्बन्धित सम्पूर्ण निर्णय काम कारवाही, पत्रहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी परमादेशको आदेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउँ भन्ने जिकिर लिइएको छ।

१९) यस अदालतबाट मिति २०७५/०१/२५ मा जारी भएको अन्तरिम आदेशमा प्रदेश सभा तथा प्रदेश सरकारले यस विषयमा कानून नबनाउनु भन्ने उल्लेख भएको छैन । नेपालको संविधानको धारा ५६ र धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको हो । उल्लिखित कार्यविधी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७०/०३/२७, २०७०/०५/१७ र २०७१/०५/१७ को निर्णयलाई प्रमुख आधार मानी जारी गरेको "रोडा, ढुंगा संकलन तथा क्रसर उद्योग दुरी सम्बन्धी मापदण्ड, २०७३" सँग मेल खाने गरी "नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ स्वीकृत गरेकोले "न्यायालय प्रतिको जनआस्थामा प्रतिकुल असर पार्ने तथा अदालतको अवहेलना हुने गरी " कुनै कार्य नगरेकोले निवेदन खारेज गरी पाउँ भनी विपक्षीहरुको लिखित जवाफ रहेको देखिन्छ।

२०) निर्णयतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ५६ बमोजिम नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको संघीय संरचनामा भई प्रदेश सभा र प्रदेश सरकारसमेत गठन भई आवश्यक कानून बनाउँदै गरेको अवस्था छ । संविधानको धारा ५७ बमोजिम प्रदेश सभाले संविधानको अनुसूची-६ बमोजिमको एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी कानून बनाई रहेको अवस्था छ । सोही बमोजिम प्रदेश सभाले "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको हो र उक्त ऐनले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५". प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको देखिन आउँछ। सो सम्बन्धमा सर्व प्रथम प्रदेश सरकार, प्रदेश नं. ३ बाट जारी भएको कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १५(५) मा भएको प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा, दहत्तर र बहत्तर संकलन, बिक्री वा निकासी गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्ने छ...." भन्ने व्यवस्था गरेको छ। उक्त ऐनको दफाले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, प्रदेश नं. ३ ले "नदी जन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५" जारी भएको छ।

२१) २०६६ सालमा दायर भएको रिट नं. ०६६-WO-०५२१ को उत्प्रेषण मुद्दामा मिति २०६७।४।२१ मा भएको फैसला पश्चात् रोडा, गिट्टी, ढुङ्गा र बालुवाको उत्खनन् प्रशोधन र बिक्रीको व्यवस्थापनको संवन्धमा सरकारले कार्यगत रुपमा निरन्तर प्रयासहरु गर्दै आएको देखिन्छ। उक्त फैसला पछि ढुङ्गा, गिटी, बालुवाको आन्तरिक उपयोग एवं निकासी प्रयोजनको लागि खानी, नदी किनार तथा वन क्षेत्रबाट उत्खनन् संचालन, बिक्री वितरण गर्दा वातावरणीय प्रतिकूलता, भूक्षय, वन विनाश आदि जस्ता पर्यावरणीय क्षेत्रमा गम्भिर प्रभाव परेको सम्बन्धमा उपयुक्त निर्णय गर्न नेपाल सरकारलाई सिफारिस गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) ले मिति २०६६।९।२९ मा मन्त्रीस्तरीय समिति गठन गरेको देखिन्छ। समितिले २०६६।१०।६ गते सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठन गरेको कार्यदलले पेश गरेको प्रतिवेदनको आधारमा समितिले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, प्रशोधन, ढुवानी र बिक्री वितरण एवं ठेक्का पट्टाको अव्यवस्थित पद्धतीलाई सुधार गरी नकारात्मक असर रोक्न र यो पद्धतीलाई व्यवस्थित गर्न नेपाल सरकार, मन्त्रीपरिषद्मा तत्काल गर्नु पर्ने कार्यहरु, नीतिगत व्यवस्था र

निकासी सम्बन्धी व्यवस्था र विविध विषयमा मिति २०६६।१२।१६ गते प्रतिवेदन पेश गरेको छ। उक्त प्रतिवेदनमा उल्लेखित प्रावधान अनुसार अनुगमन, समन्वय र आवश्यक कारवाही गर्ने गराउने व्यवस्थाको लागि केन्द्रीय अनुगमन समिति, जिल्लास्तरीय अनुगमन तथा समन्वय समिति समेत गठन गरी उनीहरुबाट बालुवा रोडा, गिटी, ढुङ्गाको व्यवस्थापन अनुगमन गर्नु पर्ने भनिएको छ। उक्त प्रतिवेदनमा 'उल्लेखित कार्यहरु गर्न मन्त्री परिषद्को कार्यालयले मिति २०६६।१२।१७ गते सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन समेत जारी गरेको स्थिति देखिन्छ।

२२) नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७०।०३।२७ को निर्णयबाट स्वीकृत भएको रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन सम्बन्धी प्रतिवेदन पनि कार्यान्वयन गरेको अवस्था देखिन्छ। सरकारले उक्त प्रतिवेदनमा समावेश नरहेका विषयहरुका सम्बन्धमा साविक बमोजिमको प्रतिवेदन २०६७ मा उल्लेखित व्यवस्थाहरुलाई नै कार्यान्वयन गर्नु पर्छ पनि भनेको छ। मन्त्रीपरिषद्को मिति २०७०।०३।२७ को निर्णयानुसार रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासी सम्बन्धी प्रतिवेदन, २०६९ मा उल्लेखित राजमार्ग, खोला किनारा, शिक्षण संस्था, स्वास्थ्य संस्था, आर्थिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय वन, निकुञ्ज र आरक्षण एवं घनावस्तीबाट कायम भएको दुरीको सट्टामा मन्त्रि परिषद्को मिति २०७०।०५।१७ को निर्णयले बेग्लै दुरी कायम गरी लागु गरेकोमा सोको सट्टामा पुनः बनेको रोडा, ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड २०७३ लागु हुन आयो। यसैको आधारमा "बागमती प्रदेश, प्रदेश नं. ३ सरकारले" नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ जारी गरेको अवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७७।४।०५ मा "ढुङ्गा, गिट्टी, तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" स्वीकृत भै लागु भै रहेकोमा यसका कतिपय व्यवस्थाहरुको कार्यान्वन पक्षमा कठिनाई देखिएको, कतिपय व्यवस्था अव्यवहारिक रहेको र केही विषय थप गर्नु पर्ने देखिएबाट उक्त मापदण्डलाई सरोकारवाला हरुसँग परामर्श र सुझाव लिएर परिमार्जन गर्न भनी यो रोडा, ढुङ्गा, गिटी तथा बालुवालाई व्यवस्थित र नियमन गर्न सरकारले पनि धेरै प्रयासहरु गर्दै आएको छ। अहिले संघीय सरकारबाट ढुङ्गा, गिटी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरी

यसैको आधारमा रोडा, ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् प्रशोधन र बिक्रीको कार्यलाई व्यवस्थापन गर्दै आएको देखिन्छ।

२३) नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयले पनि श्री सर्वोच्च अदालतबाट २०६६ सालको रिट नं. ०६६-WO-०५२१ को परमादेश मुद्दामा जारी भएको आदेशलाई प्रमुख आधार मानी समय समयमा रोडा, गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन् र बालुवा प्रशोधन र क्रशर उद्योग संचालनको सम्बन्धमा विभिन्न मापदण्ड र शर्तहरु उल्लेख गरी निर्देशिका बनाएर, निर्देशन जारी गरेर व्यवस्थापन गर्दै आएको देखिन्छ। यसरी नै भौगोलिक विषमताको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ लागु गरेको आधारमा बागमती प्रदेश, प्रदेश नं.३ सरकारले "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ जारी गरी ढुङ्गा, गिटी, बालुवा आदी उत्खनन, दोहन, संङ्कलन र निकासी गर्ने क्रसर उद्योगहरुको स्थापना र सञ्चालन प्रचलित कानूनको सीमा भित्र रही व्यवस्थापन गरेको देखिन्छ ।

२४) यस अघि मन्त्रि परिषद्को मिति २०७०।३।२७ को निर्णयानुसार रोडा, ढुंगा, गिट्टी तथा बालुवा नियमन तथा विदेश निकासी सम्बन्धी प्रतिवेदन, २०६९ मा राजमार्ग, खोला किनारा, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृति र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज र आरक्षण एवं घना वस्तीबाट कायम भएको दुरीको सट्टा मन्त्री परिषद्को मिति २०७०।५।१७ को निर्णयले ती क्षेत्रमा देहाय बमोजिमको दुरी कायम गरी मापदण्ड निर्धारण गरेको छ।

| क.सं. | विषय | कायम गरिएको दुरी |
|---|---|---|
| १. | राजमार्गबाट | ५०० मीटर |
| २. | खोला किनाराबाट | ५०० मीटर |
| ३. | शिक्षण संस्थानबाट | २ किलो मीटर |
| ४. | स्वास्थ्य सेवा संस्थाबाट | २ किलो मीटर |
| ५. | धार्मिक सांस्कृति र पुरातात्विक महत्वका स्थानबाट | २ किलो मीटर |
| ६. | सुरक्षा निकायबाट | २ किलो मीटर |

| | | |
|---|---|---|
| ७. | वन निकुञ्ज र आरक्षणबाट | २ किलो मीटर |
| ८. | घनावस्तीबाट | २ किलो मीटर |

२५) नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७०।०३।२७ र मिति २०७०।०५।१७ को निर्णयलाइ प्रमुख आधार मानी भौगोलिक विषमातको आधारमा जनसंख्या तथा वातावरण मन्त्रालयले रोडा ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड, २०७३ जारी गरेको देखिन्छ । उद्योगहरुले पालना गर्नुपर्ने देहाय बमोजिमको मापदण्ड निर्धारण गरी र मापदण्ड पूरा नगर्ने उद्योगहरु तत्काल बन्द गर्ने व्यवस्था भएको देखिन्छ ।

<u>दुरी सम्बन्धी मापदण्ड</u>

| क्र.स. | विवरण | दुरी सम्वन्धी मापदण्ड | |
|---|---|---|---|
| | | पहाडी क्षेत्रको हकमा | तराइ तथा भित्री मधेश हकमा |
| क | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | ३०० मि. | ५०० मि. |
| ख | हाईटेन्सन लाईनबाट | १०० मि. | १०० मि |
| ग. | राजमार्गको Right of way बाट | ३०० मि. | ५०० मि. |
| घ | शिक्षण संस्था, स्वास्थ संस्था, धर्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ कि.मि. | २ कि.मि. |
| ङ | निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रबाट | २ कि.मि. | २ कि.मि. |
| च | घना वस्तीबाट | २ कि.मि. | २ कि.मि. |
| छ | वनक्षेत्रबाट | १ कि.मि. | २ कि.मि. |
| ज | पक्की पुलबाट | ५०० मि. | ५०० मि. |
| झ | अन्तर्राष्ट्रिय सीमाबाट | कम्तिमा १ कि.मि. | कम्तिमा १ कि.मि. |

नोटः दूरी मापन गर्दा उद्योगको अन्तिम सीमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ

२६) सोही मापदण्डको आधारमा बागमती प्रदेश सरकारले स्वीकृती गरी जारी गरेको "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ को कार्यविधिले यस प्रदेशको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी खोल्सा र खहरेको किनार तथा आसपासका बन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास

क्षेत्र वा नीजि जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो जस्ता नदीजन्य पदार्थहरुको उत्खनन् र तिनीहरुको प्रशोधन गर्ने सम्बन्धी उद्योगको स्थापना र संचालन गर्दा तिनीहरुले अपनाउन पर्ने मापदण्डको सम्बन्धमा कार्यविधिको व्यवस्था गरेको पाइन्छ।

२७) उक्त कार्यविधिको अनुसूची ३ मा उद्योग स्थापना गर्दा निर्धारण गरिएको दुरी सम्बन्धी मापदण्ड तोकेको छ, सो मापदण्ड देहाय बमोजिम रहेको छः-

| क.सं. | विवरण | दुरी सम्बन्धी मापदण्ड | |
|---|---|---|---|
| | | पहाडी क्षेत्रको हकमा | तराई तथा भित्र मधेश हकमा |
| १. | नदी खोलाको वर्षातको प्रवाह सीमा किनाराबाट | ३०० मि. | ५०० मि. |
| २ | हाईटेन्स लाईनबाट | १०० मि. | १०० मि. |
| ३ | राजमार्गको Right of way बाट | ३०० मि. | ५०० मि. |
| ४ | शिक्षण संस्था, स्वास्थ्य संस्था धार्मिक, सांस्कृतिक पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ कि.मि. | २ कि.मि. |
| ५ | निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रबाट | २ कि.मि. | २ कि.मि. |
| ६ | घना बस्तीबाट | २ कि.मि. | २ कि.मि. |
| ७ | वन क्षेत्रबाट | १ कि.मि. | २ कि.मि. |
| ८ | पक्की पुलबाट | ५०० मि. | ५०० मि. |
| ९. | अन्तराष्ट्रिय सीमाबाट | कम्तिमा १ कि.मि. | कम्तिमा १ कि.मि. |

नोटः- दूरी मापन गर्दा उद्योगको अन्मिम सीमानाको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ।

२८) कार्यविधिको १८ (५) मा "मापदण्ड पुरा नगरी स्थापना भई संचालन भएका नदीजन्य पदार्थ प्रशोधन उद्योगले ३ महिना भित्र यो मापदण्ड बमोजिम स्थानान्तरण हुनु पर्ने छ। दर्ता नभई सञ्चालनमा रहेका र उक्त अवधि भित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ, तर काबु बाहिरको परिस्थिति सृजना भई स्थानान्तरण हुन नसकेमा प्रदेश सरकारको निर्णय अनुसार हुनेछ" भन्ने व्यवस्था गरेको छ।

कार्यविधिको उक्त व्यवस्थाले मापदण्ड पुरा नगरी संचालनमा रहेका उद्योगले तीन महिना भित्र मापदण्ड पुरा नगरे उद्योग स्वतः बन्द हुने व्यवस्था उचित भएपनि त्यसको अनुगमन नियमित रुपमा भै उचित रुपले कार्यान्वन हुन भने आवश्यक देखिन्छ।

२९) नेपाल सरकारको (मन्त्री परिषद्)बाट मिति २०७०।३।२७ र २०७०।५।१७ को निर्णयलाई आधार मानी जारी भएको रोडा, ढुंगा, संकलन तथा क्रशर उद्योग दुरी सम्बन्धी मापदण्ड २०७३" कार्यान्वयन अवस्थामा रहँदा रोडा, गिट्टी, ढुंगा, बालुवाको उत्खनन् र प्रशोधनको कार्यको लागि निर्धारण गरिएको उपरोक्त दुरीको मापदण्डसँग नै मेल खाने गरी प्रदेश सरकार प्रदेश नं. ३ बाट जारी गरिएको कार्यविधि २०७५ को अनुसूची-३ मा कायम गरिएको दुरी बीच खासै कुनै फरक भएको पाइदैन। उपरोक्त दुरीको मापदण्डहरु समान रुपमा लागु भै रहेको अवस्थामा संघीय नेपाल सरकार (मन्त्री परिषद्)को मिति २०७७।०४।०५ को निर्णयबाट बेग्लै "ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" स्वीकृत भै लागु भएको छ।

३०) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ ले क्रसर उद्योग सञ्चालनका लागि दुरी सम्बन्धी मापदण्ड तोकेको छ। उक्त दफामा क्रसर उद्योग सञ्चालन गर्दा देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ ।

| क्र.सं | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | अन्तर्राष्ट्रिय सिमाबाट | २ किलोमिटर |
| ६ | वन, निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७ | घना बस्तीबाट | २ किलोमिटर |
| ८ | हाईटेन्सन लाईनबाट | २०० मिटर |

| | | |
|---|---|---|
| ९ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| १० | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

यसै मापदण्डको दफा ११ को (९) मा उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने व्यवस्था गरेको देखिन्छ ।

३१) विपक्षीले जारी गरेको उल्लेखित कार्यविधि कानूनी श्रोतको अभाव रहेकोले यो स्वतः प्रभावहीन र निस्कृय छ भन्ने निवेदकको जिकिर रहेको छ, त्यसतर्फ हेर्दा, यो विषय निश्चय पनि संविधानको धारा ५७ अन्तर्गतको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भित्र पर्ने विषय हुन्। संविधानको धारा ५७ ले राज्य शक्तिको बाँडफाँड गरेको छ। यसले संघ र प्रदेशको अलग अलग अधिकारको साथै संघ र प्रदेशको, संघ, प्रदेश र स्थानीय निकाय बीचको साझा अधिकारको बारेमा पनि व्यवस्था गरेको छ। संघ र प्रदेशको साझा अधिकार अनुसूची -७ मा र संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयहरु अनुसूची -९ मा उल्लेख गरेको छ। संविधानको अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको विषयमा वातावरण संरक्षण, जैविक विविधता उद्योग तथा खनिज, प्रदेश सिमा, नदी, अन्तर प्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र उपयोग र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहका अधिकार सूचीको विषयमा वन जंगल, वन्य जन्तु, चराचुरुङ्गी वातावरण, पर्यावरण तथा जैविक विविधता, खानी तथा खनीजहरु रहेका छन्। संघीय कानून तर्जुमा नभए सम्म विपक्षी प्रदेशले कुनै कानून र आदेश गर्न सक्ने होइन भन्ने जिकिर कानून र संविधान सम्मत हुन सक्दैन। तीन तहका संघ, प्रदेश र स्थानीय तहको आफ्नो क्षेत्र भित्रको साझा अधिकार सूची अन्तर्गतको विषयमा प्रदेश र स्थानीय तहले पनि आवश्यकता अनुसार अगावै कुनै पनि विषयमा ऐन, नियम, विनियम, निर्देशका र कार्यविधि बनाउन नसक्ने होइन, तर त्यस्तो ऐन, नियम, विनियम, निर्देशिका कार्यविधिको र कार्यविधिका व्यवस्थाहरु संघीय र प्रदेशका ऐन कानून, नियम, विनियम, निर्देशिका र कार्यविधिका व्यवस्थासंग अनुकूल

नभए सो हदसम्म क्रियाशील नभै निष्कृय हुन जान्छन् र संघीय र प्रदेश कानून र नियमका व्यवस्थाहरुनै लागु हुने हुन्छन। उक्त कार्यविधि प्रदेश सरकार प्रदेश नं. ३ ले सम्बन्धित व्यवसायी र प्रदेश राज्यको हितमा नै ल्याएको हुँदा त्यसले नदीजन्य पदार्थहरुको उत्खनन् र उपयोगमा राज्यलाई अहित र नोक्सानी नगरेसम्म र संघीय कानून र मापदण्ड निर्देशिकाको व्यवस्थासँग नबाझिए सम्म उक्त कार्यविधि अव्यवहारिक छ भन्न मिल्ने देखिन आउँदैन।

३२) प्रस्तुत मुद्दा दायर हुनु भन्दा पछि संघीय नेपाल सरकार (मन्त्री परिषद्)को मिति २०७७।०४।०५ को निर्णयबाट बनेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भएकोमा, बागमती प्रदेश सरकारले पनि सोही मापदण्ड अनुसार नीति तथा कानून बनाउने कार्य गरिरहेको अवस्था छ भनी प्रदेश नं. ३ का मुख्य न्यायाधिवक्ताबाट बहसको सिलसिलामा इजलासलाई जानकारी गराएको हुँदा बागमती प्रदेश, प्रदेश नं. ३ सरकारले बनाएको कार्यविधि २०७५ का प्रावधानहरु संघीय सरकारबाट बनाइएको मापदण्ड निर्देशिका -२०७७ को प्रावधानका विपरित भए सो हदसम्म सुधार गरेर अनुकूल बनाउने सोच र तयारीमा रहेको स्पष्ट हुन आउछ। संविधान र ऐनले नै दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश, प्रदेश नं. ३ को सरकारले उपरोक्त "नदी जन्य पदार्थ (संकलन र उपभोग) कार्यविधि २०७५" बनाएको र सो संविधान र कानून सम्मत भएको देखिंदा सोलाई बदर गरी पाउँ भन्ने निवेदन जिकिर उपयुक्त देखिन आएन।

३३) निवदेकले दर्ता नै नभएका, प्रचलित कानून बमोजिम IEE र EIA स्वीकृत नै नगराएका र मापदण्ड नपुगी लामो समयदेखि नविकरण नै नभएका गैरकानूनी उद्योगहरुलाई सञ्चालन गर्ने गराउने, मापदण्ड विपरित र कम मापदण्ड बनाई सञ्चालन हुने क्रशर उद्योगबाट पर्वावरणमा खलल् पुग्ने र गैर कानूनी रुपमा क्रशर उद्योग, बालुवा, प्रशोधन उद्योग र बालुवा र खानी आदि संचालन गर्ने अनुमती दिने गरी कुनै निर्णय भएको भए सो निर्णय बदर गरी कार्यविधि बमोजिम कुनै पनि उद्योगलाई दर्ता नविकरण, इजाजत नदिनु, इजाजत दिएको भए खारेज गर्नु, त्रिशुली, तादी आदि नदिमा चरम दोहन, नदिको स्वरुप विकृत प्रदुषित भएकोले सार्वजनिक सम्पत्ती संरक्षण गर्नु भन्ने परमादेशयुक्त प्रतिषेध लगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिरको सम्बन्धमा बिचार गर्दा, दर्ता नै नगरी

कुनै पनि बालुवा प्रशोधन, क्रशर उद्योग र खानी उद्योगहरु संचालन गर्न नमिल्ने हुँदा दर्ता नै नगरी संचालित रहेका त्यस्ता उद्योगहरुलाई कानूनको प्रक्रिया पुरा गरेर तुरुन्त बन्द गर्नु गराउनु र कानून बमोजिम दर्ता गरी संचालन रहेका तर मापदण्ड नपुगेका र पुरा नभएका त्यस्ता उद्योगहरुलाई निश्चित अवधिको समय दिएर कमी भएका मापदण्ड पुरा गर्न लगाउने र सो समय भित्र मापदण्ड पुरा नगर्ने त्यस्ता उद्योगहरुको हकमा पनि कानूनको प्रक्रिया पुरा गरेर बन्द गर्न लगाउने, गैर कानूनी रुपमा संचालित वा मापदण्ड पुरा नगरेका बालुवा प्रशोधन, क्रशर र खानीका उद्योगहरुबाट पर्यावरणीय क्षेत्रमा क्षति पुगे, वातावरण प्रदुषित भए सोलाई नियन्त्रण गर्न लगाउने र त्यसबाट हुने वन, जंगल, किनाराका जमिन, गाउँवस्ती, जलचर, चराचुरूङ्गी र प्राणीहरुको वासस्थान, वनस्पती जडिबुटी आदिहरुलाई नोक्सानी र क्षति हुन नदिने गरी व्यवस्थापन गर्न यस इजलासबाट आजै यिनै निवेदक भएको ०७४-WO-०७०४ र निवेदक सूर्यकुण्ड रोडा उद्योगका संचालक अख्तियार प्राप्त राजेन्द्र श्रेष्ठ भएको ०७४-WO-०२०५ को उत्प्रेषण परमादेशको मुद्दामा आजै विस्तृत बुँदा उल्लेख गरी निर्देशनात्मक आदेश सहितको उत्प्रेषणयुक्त परमादेशको आदेश समेत जारी भएको हुँदा उक्त आदेश र निर्देशनात्मक आदेशमा उल्लेखित बुंदाहरु सवै बालुवा प्रशोधन, क्रशर र खानी उद्योगले अनिवार्य रुपमा पालना गर्नु पर्ने र सम्बन्धित स्थानीय निकाय, प्रशासन र प्रहरीले पनि अनिवार्य रुपमा लागु गराउनु पर्ने हुँदा उपरोक्त विषयमा प्रस्तुत आदेशमा पुनः दोहोर्‍याई रहनु पर्ने र साथै निवेदकले माग गरे बमोजिम उत्प्रेषणयुक्त परमादेश र प्रतिषेध सहितको कुनै आज्ञा आदेश वा पूर्जी जारी गरिरहन पर्ने आवश्यकता देखिन आएन।

३४) तसर्थ माथि उल्लिखित आधार कारणबाट संवैधानिक व्यवस्था अनुसार अनुसूची-६ बमोजिमका एकल अधिकार सूचीका विषयमा संविधान र संघीय कानूनसँग नबाझिने गरी प्रदेश सभाले "कर तथा गैर कर राजश्व सम्बन्धी ऐन,२०७५" बनाएको र उक्त ऐनको दफा १५ (५) ले दिएको अधिकार प्रयोग गरी "नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५" नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा, ढुङ्गा संकलन तथा क्रशर उद्योगको दुरी सम्बन्धी मापदण्ड-२०७३ मा उल्लेख भए समान मापदण्डको आधारमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको पाइएको र यसै लगाउको ०७४-WO-०२०५ र ०७४-WO-०७०४ रिट

निवेदन आज यसै इजलासबाट बालुवा प्रशोधन र क्रशर उद्योगहरु कानूनको प्रक्रिया पुरा गरेर दर्ता गरी संचालन गर्नु पर्ने, कानून बमोजिम दर्ता भै संचालनमा रहेका उद्योगहरुले मापदण्डहरु पुरा गरेको अवस्था नभए तिनीहरुलाई मापदण्ड पुरा गर्न लगाउने, प्रदुषण नियन्त्रण गर्ने, वातावरणको संरक्षण गर्ने, बालुवा रोडा, गिटी र ढुङ्गाहरुको जथाभावी उत्खनन् नगरी, नदी खोला किनाराका पुल, सडक, जग्गा जमीन, गाउँ वस्ती, वन जंगल, चरा चुरुङ्गी र जीव जन्तुहरुको बास स्थान र प्राकृतिक वनस्पती आदि समेतलाई संरक्षण गर्नु पर्ने भनी बुँदा उल्लेख गरी ०७४-WO-०२०५ नं. को रिट निवेदनमा उत्प्रेषणयुक्त परमादेश जारी गरी र ०७४-WO-०७०४ नं. को रिट निवेदनमा, निवेदन खारेज हुने ठहरी फैसला भै केही आवश्यक बुँदाहरुमा निर्देशनात्मक आदेश समेत जारी भएको र निवेदकले निवेदनमा उल्लेख गरेका विषयहरु उक्त रिट निवेदनको फैसला र निर्देशनात्मक आदेशबाट पनि पुरा र समाधान हुने देखिंदा यी सवै आधार र कारणहरु समेतबाट निवेदकको निवेदन माग बमोजिम विपक्षीहरुले पर्यावरणीय क्षति पुग्ने, वातावरण प्रदुषण हुने, वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० विपरित तथा निवेदकको वातावरण हकको विरुद्ध हुने कार्य भए गरेको नदेखिंदा निवेदन माग बमोजिम उत्प्रेषणयुक्त परमादेश र प्रतिषेध सहितको कुनै आज्ञा, आदेश वा पूर्जी जारी गरि पाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

साथै प्रस्तुत रिट निवेदन खारेज हुने भए पनि बागमती प्रदेश, प्रदेश नं. ३ सरकारबाट जारी गरिएको नदी जन्य पदार्थ (संकलन र उपभोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि-२०७५" साविकमा संघीय सरकारबाट बनेको "रोडा, ढुङ्गा संकलन तथा क्रशर उद्योऊ दुरी सम्बन्धी मापदण्ड-२०७३ को प्रावधान अनुकूल हुने गरी बनेको र साथै उक्त "कार्यविधि-२०७५" लाई संघीय सरकारबाट बनाएर कार्यान्वयन अवस्थामा रही रहेको "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७७" मा रहेको व्यवस्था अनुकूल बनाउने भनी वागमती प्रदेश सरकार, प्रदेश नं. ३ का मुख्य न्यायाधिवक्ताबाट इजलास समक्ष बहसको सिलसिलामा सरकारको तर्फबाट प्रतिवद्धता जनाइएको हुँदा सो बमोजिम कार्यविधिका व्यवस्थाहरुलाई संघीय सरकारको मापदण्ड-२०७७ को व्यवस्था अनुकूल यथाशीघ्र सुधार गरेर बनाउन प्रदेश सरकार, प्रदेश नं. ३ का नाउँमा

निर्देशनात्मक आदेश समेत जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन/प्रेमबहादुर थापा

इति सम्वत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम्----------------------------।